# पहिरो कुनै पनि समय जानसक्छ
# सतर्कता अपनाऔं

## पहिरो का पूर्व संकेतहरू

- प्रायः सुक्खा रहने भिरालो जमिन पानी नपर्दै रसाउनु ।
- जमिन भुक्क फुल्नु, भासिनु, चिरा पर्नु, धाँजा फाट्नु ।
- जमिनमा पहिले देखिनै रहेको चिरा वा धाँजा फ ाकिलो हुँदै जानु ।
- रुख, बिजुलीको पोल वा घर का खाँबा ढल्किनु ।
- घर को भित्ता, पर्खालमा चिरा दे खिनु र बढ्दै जानु ।
- घर का झ्याल ढोका बाङ्गिनु र खोल्न गाह्रो हुनु ।
- जरुवा पानीको मूल सुक्नु, वा जमिनभित्रबाट पलाउने पानी धमिलो हुनु ।
- रुख ढल्दै, ढुङ्गा-माटो सोहोरिँदै आएको जस्तो आवाज आउनु ।
- जमिन मुनिबाट चट्टान फुटे को जस्तो कट्कट् आवाज आउनु ।
- जमिन थर्केको जस्तो हुनु ।



## बाढी-पहिरोबाट बच्न कस्तो पूर्वतयारी गर्ने ?

- बाढी-पहिरो आउन समयभन्दा पहिले नै बाढी-पहिरो सम्बन्धी सामुदायिक छलफल एवम् प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

- आफ्नो क्षेत्रका कुन-कुन ठाउँमा बाढीले कसर गर्नसक्छ ? त्यसका प्रभावलाई कम गर्न के गर्नुपर्छ ? बाढी आएको अवस्थामा कस्ता उपायहरू अपनाउनुपर्छ ? भन्ने विषयहरूमा निर्क्योल गर्नुपर्छ ।



OXFAM

ACT

National Environment and Equity Development Society
NEEDS NEPAL
TOGETHER FOR PROSPERITY